त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
डीनको कार्यालय
OFFICE OF DEAN

# परीक्षा नियन्त्रण महाशाखा
# EXAMINATION CONTROL DIVISION

Chakupat, Lalitpur, Nepal
Tel. 977-5260636, 5260716
Fax: 977-1-5260129
ecd@ioe.edu.np, www.exam.ioe.edu.np
चाकुपाट, ललितपुर, नेपाल
फोन: ५२६०६३६, ५२६०७१७
फ्याक्स: ५२६०१२९

च.नं.: १६१५ ०८२/०८३

प्रकाशित मिति :२०८३।०३।२९

## B.E./B.Arch. पुन: परीक्षाको Online परीक्षा फाराम भर्ने सूचना

इ.अ.सं., परीक्षा नियन्त्रण महाशाखाद्वारा मिति २०८३ श्रावण महिनामा संचालन गरिने B.E. चौथो बर्ष दोस्रो खण्ड र B.Arch पाचौं वर्ष दोस्रो खण्डको पुन: परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुले **मिति २०८३।०३।३० गते बिहान १०:०० वजेदेखि २०८३।०४।०७ गते ५:०० वजे**सम्म Online परीक्षा फाराम भर्न यो सूचना प्रकाशित गरिएको छ। साथै सम्वन्धित क्याम्पस/कलेजहरुले यसैलाई सूचना मानी Online Application (https://exam.ioe.tu.edu.np/) को Student Portal मा **Bachelor Level Login** बाट आ-आफ्ना विद्यार्थीहरुलाई Online परीक्षा फाराम भर्न/भराउनका लागि जानकारी गराइन्छ।

१. विद्यार्थीले आफ्नो Portal मा हालसालै खिचेको चस्मा नलगाएको, दुवै कान देखिने, सादा पृष्ठ छाँया (Background plain) भएको, पासपोर्ट साइजको फोटो साथै आफ्नो Signature Update गरी Online Form मा माग गरिएको सम्पूर्ण विवरणहरु साथै पुन: परीक्षाको लागि **अनुतिर्ण भएका सबै विषयहरु** अनिवार्य रुपमा भरी परीक्षा फाराम Register गर्नु पर्नेछ।

२. Online परीक्षा फाराम भर्ने परीक्षार्थीहरुले सम्वन्धित क्याम्पसमा तोकिएको शुल्क तिरी क्याम्पसबाट उपलव्ध गराउने Payment Confirmation Slip मा Online Form Submit गर्दा उपलव्ध हुने Token No. सहित भरी अनिवार्य रुपमा बुझाई Online परीक्षा फाराम Verification गराउनु पर्नेछ।

३. परीक्षार्थीहरुले आवश्यक परीक्षा शुल्क तिरेको बैंक भौचर तथा Payment Confirmation Slip बुझिलिई परीक्षार्थीले भरेको Online Exam Form Verification गरी सम्बन्धित क्याम्पसहरुले २४ घण्टा भित्र Approve गर्नुपर्नेछ। Approve नगरे सम्म Submit गरेको परीक्षा फारम Accept हुने छैन।

४. तोकिएको समय २०८३।०४।०७ गते ५:०० वजेभित्र Online form बुझाउन नसकेका परीक्षार्थीहरुले मिति २०८३।०४।१२ गते ४:०० वजेसम्म तोकिएको परीक्षा शुल्कको साथसाथै विशेष विलम्ब शुल्क २०७६ देखी २०७८ ब्याचका लागि रु.२,०००।००( रुपैयाँ दुइ हजार मात्र) र अन्य ब्याचका लागि रु.१,०००।०० (रुपैयाँ एक हजार मात्र) तिरी परीक्षा फाराम भर्न सक्नेछन। उपरोक्त मिति पछि Online Form **स्वत: बन्द हुनेछ**।

५. उपरोक्त म्याद भित्र पनि परीक्षा फाराम भर्न छुट हुन गएमा इ.अ.सं.को **विशेष व्यवस्था** भए अनुसार **मिति २०८३।०४।१५ गते दिउँसो २:०० वजे** सम्म यस परीक्षा नियन्त्रण महाशाखामा स्वंय उपस्थित भई सम्पर्क गर्नु पर्नेछ।

६. Online Form Register गर्दा कुनै समस्या आएमा ***semesterexam@ioe.edu.np*** मा यथाशिघ्र जानकारी गराउन सूचित गरिन्छ।

७. परिक्षार्थीले आफ्नो प्रवेश पत्र लिई सोको रुजु गरी त्रुटी भएमा २०८३।०४।२२ गते भित्र यस महाशाखामा सम्पर्क गरि आवश्यक दस्तुर तिरी सच्चाउन सक्ने छन्। तर त्यस मिति पश्चात कुनै पनि परिवर्तन नहुने व्यहोरा जानकारी गराइन्छ।

८. परीक्षामा अनुतीर्ण भई **Retotalling** आवेदन दिएका परीक्षार्थीले समेत अनिवार्य परीक्षा **Form** भर्नु पर्ने छ। सो परीक्षार्थी **Retotalling** नतिजामा उत्तीर्ण भएमा आवेदन दस्तुर फिर्ता गरिने छ।

**द्रष्टव्य: स्नातक तह (B.E.) २०७५ भर्ना समूह र आर्किटेक्चर (B.Arch) २०७३ भर्ना समूहको उक्त सेमेष्टर को परीक्षामा पुन एक पटक सम्मिलित हुन पाउने व्यहोरा सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।**

डा.बाबुराम दवाडी
सहायक डीन तथा प्रमुख